बैठक संख्या - ६ (छ)

आज मिति २०७९ साल श्रावण ११ गते बुधबारका दिन भानु नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री आनन्दराज त्रिपाठीज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बस्यो ।

उपस्थितिः

१. श्री आनन्दराज त्रिपाठी (नगर प्रमुख) –

२. श्री उमा गोतामे (उप प्रमुख)

३. श्री चण्डिका पौडेल प्रमुख प्रशासकीय अधिकृत (सचिव)

४. श्री कान्छीमाया तामाङ (वडाध्यक्ष १ नं.वडा)

५. श्री केशवराज त्रिपाठी (वडाध्यक्ष २ नं.वडा)

६. श्री तुल कुमार गुरुङ्ग (वडाध्यक्ष ३ नं.वडा)

७. श्री अर्जुन बहादुर बोहोरा (वडाध्यक्ष ४ नं.वडा)

८. श्री नहकुल अधिकारी (वडाध्यक्ष ५ नं.वडा)

९. श्री धिरेश खनाल (वडाध्यक्ष ६ नं.वडा)

१०. श्री खुम प्रसाद श्रेष्ठ (वडाध्यक्ष ७ नं.वडा)

११. श्री ईश्वर बहादुर घिमिरे (वडाध्यक्ष ८ नं.वडा)

१२. श्री मिन बहादुर गुरुङ्ग (वडाध्यक्ष ९ नं.वडा)

१३. श्री हरिहर उप्रेती (वडाध्यक्ष १० नं.वडा)

१४. श्री विमलराज जोशी (वडाध्यक्ष ११ नं.वडा)

१५. श्री वेल बहादुर अधिकारी (वडाध्यक्ष १२ नं.वडा)

१६. श्री कृष्ण बहादुर अधिकारी (वडाध्यक्ष १३ नं.वडा)

१७. श्री विन्दा रानाभाट (का.पा. सदस्य)

१८. श्री धन बहादुर वि.क. (का.पा. सदस्य)

१९. श्री प्रविना थापा मगर (का.पा. सदस्य)

२०. श्री रविन भुजेल (का.पा. सदस्य)

२१. श्री राजु सुर्खाली (का.पा. सदस्य)

२२. श्री सावित्री सुनार (का.पा. सदस्य)

२३. श्री सकिना खातुन (का.पा. सदस्य)

२४. श्री शान्ता कुमारी मिजार लम्साल (का.पा. सदस्य)

निर्णय नं.१ भानु नगरपालिकाको प्रेस सल्लाहकार बन्दिपु-५, निवासी श्री धनपती अधिकारीलाई तलब पारिश्रमिक लगायतको सेवा सुविधा भुक्तानी नगर्ने तथा आर्थिक व्ययभार नपर्ने गरी मनोनयन गर्ने निर्णय गरियो ।

निर्णय नं.२ सामी परियोजना कार्यक्रम आ.व.२०७९/०८० का लागि नगरपालिकाले कार्यान्वयन गर्ने एंव उक्त परियोजनामा साविकमा कार्यरत कर्मचारीहरुलाई सेवा निरन्तरता गर्ने निर्णय गरियो ।

निर्णय नं.३ कर्मचारी व्यवस्थापन सम्बन्धमा यथार्थ स्थिति अध्ययन गरी १५ दिन भित्र प्रतिवेदन पेश गर्नका लागि तपसिल बमोजिमको अध्ययन कार्यदल गठन गर्ने निर्णय गरियो ।
तपसिल:

- संयोजक - उमा गोतामे (उपप्रमुख)
- सदस्य - अर्जुन बहादुर बोहोरा (४ नं. वडाध्यक्ष)
- सदस्य - नहकुल अधिकारी (५ नं. वडाध्यक्ष)
- सदस्य - धिरेश खनाल (६ नं. वडाध्यक्ष)
- सदस्य - हरिहर उप्रेती (१० नं. वडाध्यक्ष)

निर्णय नं.४ जिल्ला दररेट समितिद्वारा स्वीकृत गरी पठाईएको जिल्ला दर रेटलाई नगर दररेटको रुपमा कायम हुने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं.५ प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न वनेको आर्थिक ऐन २०७९ को दफा २ को अनुसूचि १ (खण्ड ग. विविध) अन्तरगत भएको व्यवस्था बमोजिम तनहुँ थानीमाई एग्रो फार्म प्रा.लि. ले खरिद गर्न लागेको व्यास नगरपालिका २ बस्ने कृष्णलाल मुलको नाउमा भएको गढी चौतरा गा.वि.स. वडा नं. छ/ख कित्ता नं. ४२ क्षेत्रफल २-११-३-० र ऐ वडा नं ६/ख कित्ता नं २८ क्षेत्रफल ३-९-३-२ ऐ.ऐ घाँसीकुवा गा.वि.स वडा नं ३ बस्ने मोतिलाल मुलका नाउमा भएको साविक गढि चौतरा गा.वि.स वडा नं छ/ख कित्ता नं ४२ क्षेत्रफल ६-०-०-० ऐ.ऐ तनहुँसुर ४ बस्ने दिल बहादुर रानाका नाउमा दर्ता रहेको साविक गढि चौतरा गा.वि.स वडा नं ६/ख कित्ता नं ३० क्षेत्रफल २-७-३-१ ऐ. तनहुँसुर-५ बस्ने निमलाल श्रेष्ठका नाउमा दर्ता रहेको साविक गढि चौतरा वडा नं ६/ख कित्ता नं २९,३० क्षेत्रफल ३-११-०-१, ०-१५-१-१ ऐ.ऐ तनहुँसुर-४ बस्ने हिम बहादुर रानाको नाउमा दर्ता रहेको साविक गढि चौतरा गा.वि.स वडा नं ६/ख कित्ता नं २५ क्षेत्रफल ३-९-०-१ ऐ.ऐ तनहुँसुर-५, बस्ने विष्णुलाल श्रेष्ठका नाउमा दर्ता रहेको साविक साविक गढि चौतरा गा.वि.स वडा नं ६/ख कित्ता नं २४ क्षेत्रफल ६-११-१-० ऐऐ तनहुँसुर-४ बस्ने जंग बहादुर रानाको नाउमा दर्ता रहेको साविक गढि चौतरा वडा नं ६/ख कित्ता नं १८ क्षेत्रफल ३-२-३-० भएका जग्गाहरुको पारित लिखित गर्दा लाग्ने रजिष्ट्रेसन शुल्कमा ५०% छुट का लागि सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं.६ उपप्रमुखको काम कारवाहीलाई सहज बनाउन सहयोग पुऱ्याउने उद्देश्यले उपप्रमुखको सल्लाहकारको रुपमा भानु-६ निवासी श्री ध्रुव थापालाई मनोनयन गर्ने निर्णय गरियो ।

निर्णय नं.७ नगर कार्यपालिकाद्वारा पशु शाखाको खरिद प्रक्रिया सम्बन्धमा बनेको छानबिन कार्यदलको प्रतिवेदन प्राप्त भई छलफल भयो । सो सम्बन्धमा सम्बन्धित कर्मचारीहरुसँग स्पष्ट हुने गरी लिखित सोधपुछ गर्ने तथा प्राप्त स्पष्टिकरण आगामी हुने कार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.८ स्थानीय तहको संचित कोष व्यवस्थापन प्रणाली (SUTRA) मा योजना तथा कार्यक्रम परिवर्तन गरिएको भन्ने विषयमा नगरपालिकाका पूर्व प्रमुख श्री उदयराज गौली र वडा नं.३ का वडा अध्यक्ष श्री दल नारायण श्रेष्ठलाई आगामी कार्यापालिका बैठकमा जानकारी लिनका लागि आमन्त्रण गर्ने निर्णय गरियो ।